संख्या

# ब्याकहो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४

**(कार्यपालिकाबाट स्वीकृत मितिः २०७७/०६/१२)**

नवदुर्गा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यलय मणिलेक

डडेल्धुरा

सुदूरपश्चिम प्रदेश

नेपाल

## ब्याकहो लोडर संचालन कार्यलाई  व्यवस्थापन गर्न बनेको विधेयक, २०७४

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७/०६/१२

प्रमाणीकरण मितिः २०७७/०६/१२

### प्रस्तावना

नवदुर्गा गाउँपालिका डडेल्धुराको स्वामित्वमा रहेको ब्याक्हो लोडर  संचालन तथा व्यवस्थापन प्रकृयालाई नियमित तथा व्यवस्थित गर्न बान्छनीय भएकोले नवदुर्गा गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम ब्याकहो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ रहेको छ ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) कार्यविधि भन्नाले ब्याकहो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ सम्झनु पर्दछ ।

ख) गाउँसभा भन्नाले नवदुर्गा गाउँ सभा सम्झनु पर्दछ ।

ग) ब्याकहो लोडर भन्नाले नवदुर्गा गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकहो लोडर सम्झनु पर्दछ ।

घ) समिति भन्नाले ब्याकहो लोडर संचलान तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

ङ) सचिव भन्नाले प्रकरण ४ बमोजिमको समितिको सदस्य सचिव सम्झनु पर्दछ ।

च) उपभोक्ता समिति भन्नाले नवदुर्गा गाउँपालिकाले गठन गरी योजना कार्यान्वयन संलग्न     उपभोक्ता समिति सम्झनु पर्दछ ।

छ) अन्य संस्था भन्नाले  नेपाल सरकारको कार्यालय निजी क्षेत्र, गाउंपलिका, गैर सरकारी संस्था,  शिक्षण संस्था वा यस्तै अन्य संस्था सम्झनु पर्दछ ।

ज) कार्य दिन भन्नाले आठ घण्टाको समय सम्झनु पर्दछ ।

झ) कोष भन्नाले ब्याकहो लोडर संचालन सम्बन्धी सम्पुर्ण कारोबार गर्न स्थापना गरिएको कोष     सम्झनु पर्दछ ।

**३. कार्यविधिको उदेश्यः**

यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम हुनेछन्

क) व्याकहो लोडर संचालनबाट  नवदुर्गा गाउँपालिकाको निर्माण कार्यमा मद्दत पु¥याउने ।

ख) व्यकहो लोडर संचालन तथा व्यवस्थापनमा पारदर्शिता ल्याउने ।

ग) व्याकहो लोडर अधिकतम उपयोग गरी त्यसको उत्पादकत्वलाई बृद्धि गर्ने ।

घ) व्याकहो लोडर मर्मत सम्भारमा मितव्ययीता कायम गर्ने ।

ङ) व्याकहो लोडर संचालन तथा व्यवस्थापनमा आर्थिक रुपले आत्मनिर्भरता कायम गर्ने ।

**४. व्याकहो लोडर संचालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्थाः**

४.१ यस कार्यविधिको उद्देश्य प्राप्तिको लागि देहाय बमोजिम ब्याकहो लोडर संचालन तथा व्यवस्थापन समिति रहनेछः

क) गाउँपालिका अध्यक्षः संयोजक

ख) पूर्वधार विकास समिति संयोजकः सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

घ) प्रविधिक फाँट प्रमुख सदस्य

ङ) राजश्व शाखा प्रमुखः सदस्य सचिव

४.२ समितिको बैठक संयोजकको आदेशानुसार सदस्य सचिवले बोलाउने छ र कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संखया पुगेको मानिनेछ ।

४.३ समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार अन्य व्यक्ति वा कर्मचारीलाई आमन्त्रित गर्न सक्नेछ ।

४ ४ ब्याकहो लोडर संचालन तथा व्यवस्थापन समितिले ३ देखि ५ सदस्य रहने  एक उपसमिति गठन गरि अधिकार प्रत्यायोजन गर्ने छ ।

४.५ राजश्व शाखा प्रमुखको जिम्मेवारी विशिष्ट रुपले निर्धारण नभएसम्म लेखा शाखा प्रमुखले उक्त समितिको सदस्य सचिव भई कार्य गर्नेछ ।

**५ ब्याकहो लोडर संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकारः**

यस कार्यविधिको अधीनमा रही ब्याकहो लोडर संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार  देहाय बमोजिम हुनेछः

क) ब्याकहो लोडर संचालन तथा व्यवस्थापनको लागी वार्षिक बजेट (आय, व्याय) तर्जुमा गरि स्वीकृतिको लागि नवदुर्गा गाउँ सभामा सिफारिश साथ पेश गर्ने ।

ख) व्याकहो लोडर संचालन तथा व्यवस्थापनको लागि श्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने

ग) व्याकहो लोडर उपयोगको लागि माग भएका निदेदनहरुलाई यस निर्देशिकाको अधीनमा रही स्वीकृत गर्ने ।

घ) प्राथमिकताको आधारमा ब्याकहो लोडरको उपयोगको कार्य योजना बनाई स्वीकृत गर्ने ।

ङ) ब्याकहो लोडर आवश्यक उपकरणहरु (पार्टसहरु ) मौज्दातमा राख्ने व्यवस्था मिलाउने ।

च) ब्याकहो लोडर चालु आवस्थामा राखी राख्न आवश्यकता अनुसार नियमित मर्मत संभार तथा जाँचको व्यवस्था मिलाउने ।

छ) ब्याकहो लोडर संचालन तथा व्यवस्थापनका आर्थिक दृष्टिकोणले आत्मानिर्भर ल्याउने ।

ज) ब्याकहो लोडर संचालन वा उपयोग सम्बन्धि कामको अनुगमन तथा सुपरिबेक्षण गर्ने गराउने र दुरुपपयोग भएका देखिएमा त्यसलाई रोक्ने व्यवस्था मिलाउने ।

झ) ब्याकहो लोडर संचालनमा संलग्न कर्मचारीको कार्य सन्तोषजनक नदेखिएमा कारवाहीको लागि सिफारिस गर्ने ।

ञ) व्याक्होलोडर संचालन तथा व्यवस्थापन सम्बधि आई पर्ने अन्य नीति तथा कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने ।

ट) यस कार्यविधिमा तोकिएको अन्य कामकुरा गर्ने गराउने ।

**६. ब्याकहो लोडर संचालन सम्बन्धि नीति तथा प्राथमिकताः**

६.१ ब्याकहो लोडर संचालन सम्बन्धि नीति देहाय बमोजिम हुनेछः

क) ब्याकहो लोडर उपयोग सामान्यतया के.आई.सिंह गाउँपालिका भित्र सम्पादन गरिने सडकहरुको निर्माण, मर्मत तथा संभार आदि कार्यहरुको लागि गरिनेछ ।

ख) ब्याकहो लोडर सामान्यतया वडाको सिफारिसमा उपभोक्ता समिति, संस्था वा निकायलाई भाडामा उपलब्ध गराईनेछ । यदि कुनै अर्कै स्थानीय तहमा काम गर्ने माग भई आएमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको कार्यालयको सिफारीसमा भाडामा उपलब्ध गराउन सकिने छ ।

६.२ ब्याक्होलोडर संचालन गर्दा देहायको योजनालाई प्राथमिकता दिईनेछः

क) नवदुर्गा गाउँपालिकाको श्रोत र साधनबाट संचालन गरिने योजना ।

ख) अन्य संस्थाको श्रोत तथा साधनबाट संचालन गरिने योजना

**७. ब्याकहो लोडर माग तथा संचालन गर्ने कार्यविधिः**

७.१ ब्याक्होलोडर माग गर्ने उपभोक्ता समिति, निकाय वा संस्थाका अध्यक्षले देहायको विवरण संलग्न गरी अनुसुचि १ को ढाँचामा निबेदन दिनु पर्नेछः

क) सम्बन्धित उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपि ।

ख) योजनाको सम्झौता पत्र तथा लागत अनुमानको प्रतिलिपि ।

ग) काम हुने सम्बन्धित वडा कार्यालयको सिफारीस ।

७.२ ब्याकहो लोडर माग सम्बन्धी निबेदन समितिबाट स्वीकृत भएपछि सो को जानकारी उपभोक्ता वा सम्बन्धित सरकारी निकाय वा संस्थालाई दिईनेछ । यसरी जानकारी प्राप्त गरेपछि उपभोक्ता समिति निकाय वा संस्थाका अध्यक्ष वा अधिकार प्राप्त व्यक्तिले सम्झौता गर्न आउनु पर्नेछ ।

| क्र सं | मेसिनरी | समय | भाडा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ब्याकहो लोडर | प्रति घण्टा | १००० | अपरेटर र हेल्परको भत्ता बाहेक |
| २ | ब्याकहो लोडर | प्रति कार्य दिन | ८००० | अपरेटर र हेल्परको भत्ता बाहेक |

७.३ गाउँपालिकाबाट रकम व्यहोरिने गरी सम्पादन हुने योजनाका लागि गठित उपभोक्ता समितिले ब्याकहो लोडर भाडामा लिँदा धरौटी राख्नु पर्ने छैन । तर अन्य उपभोक्ता समिति, व्यक्ति वा संस्थाले भाडामा लैजान चाहेमा सम्झौता बराबरको रकम यस कार्यालयको धरौटी खातामा जम्मा गनुपर्ने वा सो बराबरको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

७.४ ब्याकहो लोडर भाडामा लिदा नगदको सट्टा सम्झौता अवधिका दोव्वर अवधि सम्मको (जस्तै सम्झौता अवधि १५ दिन भए १ महिना

बराबरको ) नवदुर्गा गाउँपालिकाको नाममा बैंक ग्यारेन्टी समेत पेश गर्न सकिनेछ । बैंक ग्यारेन्टी पेश गर्दा भाडामा लिने अवधिको तोकीए बमोजिमको भाडा तथा तोकिए बमोजिमको धरौटी बापतको रकम बराबरको बैंक ग्यारेन्टी मात्र मान्य हुनेछ ।

७.५ कोष खातामा वा नगदै रकम जम्मा गरेपछि उपभोक्ता समितिका अध्यक्ष वा सम्बन्धित निकाय वा संस्थाका प्रमुखले अनुसुचि २ बमोजिम सम्झौता पत्रमा हस्ताक्षर गर्नु पर्नेछ । सम्झौता गरे पश्चात मात्र व्याकहो लोडर लैजानु पर्नेछ ।

७.६ व्याकहो लोडर संचालन अवधिमा लाग्ने डिजल, मोविल, ग्रीज आदि ईन्धन खर्च (व्याक्होलोडर योजना स्थलमा ल्याउने लैजाले समेत ) सम्बन्धित उपभोक्ता समिति वा संस्थाले उपलब्ध गराउनु पर्ने छ ।

७.७ व्याकहो लोडर रहिरहेको स्थानबाट योजना स्थलसम्म व्याकहो लोडर ढुवानी गरि लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च सम्बन्धित उपभोक्ता समिति वा संस्थाले व्यहोर्नु पर्नेछ ।

७.८ उपभोत्ता समिति वा अन्य संस्था वा निकायले व्याकहो लोडर भाडामा लगेको अवस्थामा समितिको आपसी विवाद, स्थानीयको अवरोध जस्ता कारणले व्याकहो लोडर संचालन हुन नसकी त्यत्तिकै बसेमा पनि प्रति दिनको निम्न दरले भाडा लाग्नेछ ।

| क्र सं. | मेसिनरी | समय | रकम |
|---|---|---|---|
| १ | ब्याकहो लोडर | प्रति घण्टा | ५०० |

तर वढीमा ५ दिन भन्दा वढी राख्न पाइने छैन र २४ घण्टाभित्र फिर्ता आएमा उक्त भाडा लाग्ने छैन

७.९ ब्याक्होलोडर संचालन भएको प्रत्येक ५०० घण्टामा कार्यालय स्वयंले ब्याकहो लोडर सिर्भिसिङ्ग गर्नेछ। म्याद थप नगरिकन सम्झौता भन्दा बडी अवधिसम्म अपरेटरले ब्याकहो लोडर चलाएमा सोको जिम्मेवारी अपरेटरको हुनेछ। अटेर गरि सम्झौता विपरीत चलाएको अवधिको हकमा अपरेटरबाट असुल उपर गरी कारवाही गर्ने समेत सकिनेछ।

७.१० ब्याकहो लोडर संचालन गरे वापत ब्याकहो लोडर अपरेटर तथा हेल्परलाई निम्नानुसार प्रति कार्य दिनको हिसाबले सम्बन्धित उपभोक्ता समिति, व्यक्ति, संस्थाले भत्ता दिनु पर्नेछ।

| पद | अन्य प्रयोजन (उ.स., संस्था, व्यक्ति आदी), प्रति घण्टा | कैफियत |
|---|---|---|
| अपरेटर | | कार्यालयले खटाएको कार्य वाफत मर्मत कार्य गरिने भएमा कार्यालयले अपरेटरलाइ कार्यपालिकाको निर्णय वमोजिम फिल्ड भत्ता उपलब्ध गराउनेछ। |
| हेल्पर | | |

## ८.ब्याकहो लोडर लगबुक राख्नु पर्ने

ब्याकहो लोडर सञ्चालन गर्दा अनुसूचि ३ ढाँचामा लगबुक राख्नु ब्याकहो लोडर अपरेटरको कर्तव्य हुनेछ। उक्त लगबुक सम्बन्धित उपभोत्ता समितिका अध्यक्ष, निकाय वा संस्थाका प्रमुख समेतले प्रमाणित गर्नुपर्नेछ।

## ९.म्याद थप गर्न सक्नेः

९.१ ब्याक्होलोडर भाडामा लिएका उपभोक्ता समितिले आफुले मागेको कार्य दिन भन्दा थप कार्य दिनको लागी आवश्यक भएमा सो को कारण तथा

औचित्य सहित म्याद सकिनु भन्दा कम्तीमा तीन दिन अगाबै म्याद थपको निबेदन दिनुपर्नेछ ।

९.२ म्याद थपको लागी प्राप्त निबेदनमा समितिले छलफल गरि माग उचित तथा आवश्यक देखेमा आवश्यकतानुसार म्याद थप गर्न सक्नेछ ।

**१०. व्याकहो लोडर मर्मत सम्बन्धी व्यवस्थाः**

व्याक्होलोडर विग्रिएर मर्मत गर्नुपर्ने भएमा कुन कुन कुराको मर्मत सम्भार भर्नुपर्ने हो वा फेरबदल गर्नु पर्नेहो सो को विवरण सम्बन्धित अपरेटरले समिति समक्ष निबेदन दिनुपर्नेछ । अपरेटर बाट निबेदन प्राप्त भएपछि सदस्य सचिवले सम्बन्धित अनुभवी विशेषज्ञ प्राविधिकबाट मर्मत संभारको लागत अनुमान तयार गर्न लगाई समितिमा पेश गर्नुपर्नेछ । समितिको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले मर्मत तथा सम्भारको व्ववस्था मिलाउनु पर्नेछ ।

**११. समितिको कोष तथा आर्थिक व्यवस्थाः**

११.१ ब्याकहो लोडर सम्बन्धी सम्पूर्ण आर्थिक कारोवार गर्न नेपाल सरकारबाट क वर्गको मान्यता प्राप्त बैंकमा खाता खोली एउटा कोष संचालनमा ल्याईनेछ ।

समितिको कोषमा देहायका रकमहरु रहनेछनः

क) गाउँपालिकाबाट व्याकहो लोडर संचालनको लागी प्राप्त रकम ।

ख) व्याकहो लोडर माग गर्ने उपभोक्ता समिति वा संस्था वा निजि क्षेत्रबाट प्राप्त रकम

ग) व्याकहो लोडर काम नलाग्ने पार्टपुर्जा विक्री तथा लिलामीबाट प्राप्त रकम ।

घ) अन्य तोकिए बमोजिमका रकम

**१२. अन्य संस्थालाई व्याकहो लोडर भाडामा दिने सम्बन्धि व्यवस्थाः**

१२.१ अन्य संस्थाले आफ्नो कामको शिलशिलामा व्याकहो लोडर भाडामा लिन चाहेमा अनुसूची १ बमोजिमको ढांचामा देहायको विवरण संलग्न गरि निबेदन पेश गर्नु पर्नेछ ।

क) प्रचलित कानुन बमोजिम दर्तावाला संस्था, कम्पनी वा फर्म भए सो को प्रमाण पत्र ।

ख) ब्याकहो लोडर प्रयोग हुने योजना वा कार्यको स्पष्ट विवरण ।

ग) सरकारी योजना भए ठेक्का स्वीकृत भएको पत्र तथा स्टीमेट ।

१२.२ व्याकहो लोडर एवं अन्य हेवी मेशीनरी माग तथा संचालन सम्बन्धीत अन्य कुरा यस निर्देशिकाको प्रकरण ७, ८, ९ बमोजिम हुनेछ ।

१२.३ व्याकहो लोडर रहीरहेको स्थानबाट प्रस्थान गरेको मितिबाटै भाडा गणना हुनेछ ।

**१३. व्याकहो लोडर संचालनको सुपरिवेक्षण तथा अनुगमनः**

१३.१ व्याक्होलोडर प्रयोग भईरहेको कार्यको सुपरिवेक्षण तथा अनुगमन समितिका संयोजक वा निजले तोकेको व्यक्तिले गर्नेछ ।

१३.२ व्याक्होलोडर संचालनमा संलग्न कर्मचारीको रेखदेख तथा नियन्त्रण समितिका सदस्य सचिवले गर्नेछ ।

**१४. रकम खर्च गर्न सकिनेः**

व्याकहो लोडर संचालनबाट प्राप्त आम्दानी रकम यस निर्देशिका बमोजिम व्याकहोलोडर संचालन, व्यवस्थापन, मर्मत सम्भार र व्याक्होलोडर संचालन अपरेटर तथा हेल्परको तलब भत्ताका साथै विकास निर्माणका लागि खर्च गर्न सकिनेछ ।

**१५. सम्पर्क शाखाः**

राजश्व शाखाले व्याकहो लोडर संचालन तथा व्यवस्थापन सम्पर्क शाखाको रुपमा कार्य गर्नेछ ।

**१६.अधिकार प्रत्यायोजनः**

यस निर्देशिका बमोजिम समितिलाई भएको केहि अधिकार समितिले शर्त तोकी वा नतोकी समितिका सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. कार्यविधि संशोधनः**

समितिको सिफारिसमा यस कार्यविधिलाई नवदुर्गा गाउँपालिकाको बैठकले संशोधन गर्न सक्नेछ ।

**१८. विमा सम्बन्धि व्यवस्थाः**

व्याक्हो लोडर र यसमा संलग्न अपरेटर र हेल्परको विमा गर्न सकिने छ ।

**१९. खारेज तथा बचाउ**

१८.१ यो निर्देशिका जारी गर्नु अघि व्याक्होलोडर संचालन र व्यवस्थापन सम्बन्धि भए गरेका काम कुराहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूचि १

(कार्यविधिको प्रकरण ७.१ संग सम्बन्धित )

## व्याक्होलोडर प्रयोग गर्ने सम्बन्धि निबेदनको ढाँचा

श्रीमान् सदस्य सचिव ज्यू,

व्याक्होलोडर संचालन तथा व्यवस्थापन समिति,

नवदुर्गा  गाउँपालिकाको कार्यालय, डडेल्धुरा

विषयः व्याकहो लोडर भाडामा उपलब्ध गराईदिने बारे

महोदय,

उपरोक्त विषयमा यो निबेदन गर्दछु कि देहायको योजना/कामको लागी त्यस कार्यालयको व्याकहो लोडर संचालन तथा व्यवस्थापन निर्देशिका २०७७ बमोजिम व्याकहो लोडर भाडामा उपलब्ध गराई दिनुहुन अनुरोध छ ।

१ उपभोक्ता समिति/संस्थाको नामः

२ उपयोग गर्ने योजनाको नामः

३. योजनाको कुल लागत

३.१ लागत व्यहोर्ने श्रोत तथा रकम

३.१.१

३.१.२

३.१.३

जम्माः

४ योजना/काम सम्पादन हुर्ने स्थानः

४.१ गाउँपालिकाको नामः

४.२ वडा नं.

४.३ स्थानः

<u>निबेदक</u>

दस्तखतः

नाम, थरः

पदः

छापः

मितिः

संलग्न कागजातः

क) उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपी ।

ख) योजनाको सम्झौता पत्र तथा लागत अनुमानको प्रतिलिपी ।

ग) काम हुने सम्बन्धित स्थानीय तह्÷वडा कार्यालयको सिफारिस ।

# अनुसूचि २

(कार्यविधिको प्रकरण ७.४ संग सम्बन्धित)

## नवदुर्गा गाउँ कार्यपालिकाको कार्यालय

<u>व्याकहो लोडर संचालन सम्झौता पत्र</u>

नवदुर्गा गाउँ कार्यपालिकाको कार्यालय (यस पछि पहिलो पक्ष भनिएको) र योजना/काम सम्पादन गर्ने उपभोक्ता समूह/व्यक्ति/संस्था (यस पछि दोश्रो पक्ष भनिएको) का बीच यस कार्यालयको ब्याकहो लोडर देहायको सर्त तथा बन्देजको अधिनमा रही भाडामा संचालन गर्न गराउन यो सम्झौता गरिएको छ ।

१ आयोजनाको विवरण

१.१ आयोजनाको नामः

१.२ आयोजनाको स्थलः

१.२.१ गाउँपालिकाको नामः

१.२.२ वडा नं.

१.२.३ स्थानः

२.३ आयोजनाको कुल लागतः

लागत व्यहोर्ने श्रोत तथा रकमः

२.३.१

२.३.२

जम्माः ........................................

३. ब्याकहो लोडर संचालन समितिबाट स्वीकृत भएको मितिः

४ ब्याकहो लोडर संचालन गर्ने विवरणः

४.१ ब्याकहो लोडर संचालन गर्ने कार्य दिनः

४.२ ब्याकहो लोडर संचालन गर्ने कार्य अवधिः मिति .....................देखि ................सम्म

५ ब्याकहो लोडर संचालनका लागि प्राप्त धरौटी रकम रु. ..................... मितिः ...........................

६ सम्झौतापत्रका शर्तहरुः

६.१ दोश्रो पक्षले यस सम्झौता पत्रमा तोकिएको आयोजनामा मात्र तोकिएको कार्य दिनको लागि ब्याकहो लोडर उपयोग गर्नु पर्नेछ ।

६.२ ब्याकहो लोडर र यसमा संलग्न अपरेटर र हेल्परको सुरक्षाको प्रबन्ध सम्बन्धित उपभोक्ता समितिले गर्नु पर्नेछ ।

६.३ ब्याकहोलोडर संचालन अवधिमा लाग्ने डिजल, मोविल, ग्रिज आदि ईन्धन खर्च (योजना स्थलमा ल्याउन लैजान समेत) को व्यवस्था सम्बन्धित उपभोक्ता समिति वा संस्थाले गर्नुपर्नेछ ।

६.४ गाउँपालिकाको कार्यालय वा ब्याकहो लोडर रहेको स्थानबाट योजना स्थलसम्म ढुवानी गरी लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च सम्बन्धित उपभोक्ता समिति वा संस्थाले आफैले व्यहोर्नु पर्नेछ ।

६.५ ब्याकहो लोडर अपरेटरले संचालन गर्दा भरेको लगबुकमा दोश्रो पक्ष समेतले प्रमाणित गर्नुपर्नेछ ।

६.६ व्याकहो लोडर संचलान वा उपयोग सम्बन्धि कार्यको अनुगमन तथा सुपरिबेक्षण समिति वा सदस्य सचिवले गराउन सक्नेछ ।

६.७ व्याकहो लोडर संचालन दुरुपयोग भएमा वा कुनै विवाद सिर्जना भई संचालन गर्न सक्ने स्थिति नभएमा वा ब्याकहो लोडर संचालनमा संलग्न कर्मचारीको सुरक्षा बारे समस्या देखिएमा ब्याकहो लोडर संचालन तथा व्यवस्थापन समिति वा सदस्य सचिवले तत्काल ब्याकहो लोडर फिर्ता बोलाउन सक्नेछ । यस्तो अवस्थामा सम्बन्धित उपभोक्ता समिति वा संस्थाले समेत ब्याकहो लोडर फिर्ता गराउनु पर्नेछ ।

६.८ पहिलो र दोश्रो पक्षबचि विवाद भएमा पहिलो पक्षले जुनसुकै वेला व्याकहो लोडर फिर्ता बोलाउन सक्नेछ ।

६.९ यान्त्रिक कारण वा भवितव्य परि काबु बाहिरको परिस्थितिमा डोजर तथा हेभी मेशिनरी

नचलेमा अपरेटर तथा सम्बन्धित उपभोक्ता, संस्था वा फर्मले प्रमाणित गरि तत्कालै कार्यालयमा जानकारी गराई प्रमाणित गरी राख्नुपर्नेछ ।

६.१० अन्य कुराको हकमा ब्याक्होलोडर संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ बमोजिम हुनेछ ।

६.११ दोश्रो पक्षले ब्याकहो लोडर भाडामा लगेको समयमा उनीहरुबीचको आपसी विवाद, स्थानीयको अवरोधका कारण ब्याकहो लोडर संचलन हुन नसकी त्यसै बसेमा दोश्रो पक्षले प्रति दिन रु ६८०० का दरले जरिवाना तिर्नु पर्नेछ ।

६.१२ ब्याकहो लोडर प्रयोग गरे वापत दोश्रो पक्षले पहिलो पक्षलाई प्रतिघण्टा रु १५०० का दरले भाडा उपलब्ध गराउने छ ।

६.१३ दोश्रो पक्षले ब्याकहो लोडर अपरेटर लाई प्रति घण्टा रु १५० र हेल्परलाई प्रति घण्टा रु ५० का दरले भत्ता उपलब्ध गराउनु पर्नेछ ।

उपरोक्त बमोजिम गर्न हामी निम्न पक्षहरु मंजुर गर्दछौं ।

| | |
|---|---|
| ब्याकहो लोडर संचालन तथा व्यवस्थापन समितिको तर्फबाट | उपाभोक्ता समिति वा संस्थाको तर्फबाट |
| नाम | नाम |
| पदः सदस्य सचिव | दर्जा |
| हस्ताक्षर | हस्ताक्षर |
| कार्यालयको छाप | संस्था वा उपभोत्ता समितिको छाप |
| मिति | मिति |

साक्षी

१............................

२............................

# अनुसुचि ३

(कार्यविधि प्रकरण ८ संग सम्बन्धित)

## नवदुर्गा गाउँपालिका, डडेल्धुरा

## व्याक्होलोडर प्रयोग सम्बन्धि लगबुक

योजनाको नामः

उपभोक्ता समिति वा संस्थाको नामः

आयोजना स्थल (गाउँपालिका वडा समेत)ः सम्झौता अवधिः मिति ...............देखि मिति .....................सम्म

| क्र सं | प्रयोग भएको मिति | समय | | | इन्धन तथा अन्य लुब्रिकेन्टस खपत विवरण | | | | सम्झोता अवधिमा प्रयोग हुन नसकेको भए प्रयोग हुन नसक्नुको कारण | अपरेटरको दस्तखत | अध्यक्ष वा प्रमुखको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा कार्य दिन | डिजल | मोविल | ग्रिज | अन्य | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |